# चिशंखुगढी गाउँपालिकाको आ.ब. २०८१।०८२ को नीति तथा कार्यक्रम

## गाउँपालिकाका अध्यक्ष श्री निशान्त शर्माज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम

---

**उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू एवम् गाउँसभाका सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू, सुरक्षाकर्मी तथा पत्रकार एवम् उपस्थित सम्पूर्ण महानुभावहरू ।**

हामी विभिन्न चरणमा नागरिक अपेक्षाका आवाजहरु उठाउदै *"कृषि, पर्यटन, र दिगो पूर्वाधार, समृद्ध चिशंखुगढीको बलियो आधार"* भन्ने मुल नाराका साथ सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक परिपाटीको रुपमा मुलुकलाई स्थापित गर्न समृद्ध नेपाल, सुखी नेपालीको नारालाई अंगिकार गर्दै समतामुलक र सामाजिक न्याय सहितको आर्थिक सामाजिक विकासलाई साकार पार्ने दिशामा अघि बढ्दै १५ औं गाउँसभामा आइपुगेका छौं।

नेपालको संविधानमा मुलुकको राष्ट्रिय हित, सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्न संस्थागत प्रबन्ध गरिएको छ । संघीयताको कार्यान्वयन पश्चात चिशंखुगढी गाउँपालिकाका नागरिकहरुले दिनु भएको जिम्मेवारी अनुसार ७ औं वर्षको १५ औं गाउँसभामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । नेपाली जनताले मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि गरिएको बलिदानको स्मरण गर्दै ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै व्यपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालमा शासकीय शक्तिको विन्यास संघ, प्रदेश र स्थानीय तहमा विभाजन भएको र जनताको नजिकको सरकारको रुपमा चिनिने स्थानीय तहको शासकीय व्यवस्था संचालनको लागि हामी संघीयता कार्यान्वयन पछिको सातौं वर्षमा छौं । यस अवधीमा स्थानीय तहमा संस्थागत तथा क्षमता विकासको क्रमिक रुपमा सुदृढीकरण हुँदै गएको छ । तथापि स्वीकृत दरबन्दी अनुसारको जनशक्ति अपुग हुँदा थप प्रभावकारी रुपबाट कार्यालय संचालनका लागि अझै पनि हाम्रो सामु चुनौती रहेको छ । चिशंखुगढी गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि बढ्न गाउँपालिका दृढ रहेको छ । गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गरिएका कार्यक्रमहरु कार्यान्वयन भइसकेका र कार्यान्वयनको चरणमा रहेका छन । प्रचलित कानून बमोजिम विगत वर्षमा स्वीकृत भएका नीति तथा कार्यक्रमलाई समेत आधारमा रहि आम गाउँपालिकावासीको चाहना वमोजिम आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गाउँपालिकाको संयन्त्रहरुलाई गतिशील, सहभागितामूलक र जवाफदेही बनाउँदै उपलब्ध हुन सक्ने साधन स्रोतहरुको आधारमा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमले गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु । गाउँपालिकाले आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका चालु आवधिक योजनाहरु, दीगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन, गाउँपालिकाको दीर्घकालिन सोच तथा आवधिक विकास योजना, स्थानीय तहको स्वमूल्यांकनका सूचकहरु, चिशंखुगढी गाउँपालिकामा गठित विभिन्न विषयगत समितिहरुबाट भएका निर्णयहरु, गाउँपालिकाले आव्हान गरेको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी सम्बन्धी प्राप्त राय सुझावहरुबाट प्राप्त मार्गदर्शन तथा समाजका अगुवाहरुबाट निरन्तर रुपमा दिने राय सुझावका आधारमा यो वार्षिक नीति तथा कार्यक्रम तयार गरी यस सम्मानित सभामा पेश गरेको छु ।

सम्मुन्नत, सफा तथा हरियाली गाउँपालिकाको रुपमा चिशंखुगढी गाउँपालिकाबासीको रहरलाई साकार पार्न कार्यक्रमका प्राथमिकताहरु देहाय बमोजिम हुनेछन ।

**आर्थिक बर्ष २०८१।०८२ का प्रमुख प्राथमिकताहरुः**

१) पुर्वाधारको दिगो विकास ।
२) कृषि उत्पादन र व्यवसायीकरण ।
३) सामुदायिक शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सुधार।
४) कृषिजन्य उत्पादनमा आत्मनिर्भर ।
५) आर्थिक पारदर्शिता सहितको सुशासन।
६) हरियाली प्रवर्द्धन, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम।
७) आर्थिक तथा सामाजिकरुपले पछाडी परेका, पारिएका वर्ग समुदायको जिवनस्तरमा परिवर्तन ल्याउने कार्यक्रम ।
८) नेपाल सरकारको स्रोहौ आवधिक योजना र दिगो विकासका लक्ष्यहरु पुरा गर्ने कार्यक्रमहरु ।
९) गाउँपालिकाको दीर्घकालीन सोच तथा आवधिक योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरू ।

**देहाय बमोजिमका हाम्रा लागि अवसरहरू रहेकाछन:**

- ✓ संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- ✓ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना कार्यान्वयन हुनु ।
- ✓ विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- ✓ गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
- ✓ सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- ✓ सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

**साथै देहाय बमोजिम हाम्रा सामु चुनौतीहरू रहेका छनः**

- ✓ रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- ✓ बसाईसराईको क्रमलाई न्युनीकरण गरी गाउँमा जनशक्ति टिकाई रहनु।
- ✓ बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

- ✓ रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गरी प्राङगारिक मलको उच्चतम प्रयोग मार्फत अर्गानिक कृषि प्रणाली विकास गर्नु।
- ✓ युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ✓ ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- ✓ वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
- ✓ निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- ✓ निर्माण गरिएका सडक संरचनाहरुलाई बाह्रै महिना सुचारु गर्नु / गराउनु ।
- ✓ भिरालो ठाउँ, बाढी-पहिरो तथा भू-क्षय लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा घर भवन निर्माण कार्य रोक्नु ।
- ✓ अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।
- ✓ जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- ✓ सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,२०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय तहले निर्माण गरेको आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधानहरुलाई समेत ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने साथै आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रीत तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम् र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ । यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र अनुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**भौतिक पूर्वाधार विकास क्षेत्रमा भएका उपलब्धी:**

- ♦ यस गाउँपालिकाका सवै वडा तथा टोल बस्तीहरु बाट राजमार्ग सम्म सडकको पहुँच रहेको छ ।
- ♦ सम्पूर्ण घरधुरीहरुमा राष्ट्रिय प्रशारणको विद्युत सेवा विस्तार कार्य सम्पन्न भएको ।

♦ गाउँपालिका भित्र करिव २०० हेक्टर क्षेत्रफलमा सिंचाइ पहुँच रहेको ।

**सामाजिक विकास क्षेत्रमा भएका उपलब्धीहरुः**

♦ गाउँपालिकामा ५ शैय्याको अस्पताल निर्माण सम्पन्न भई सेवा संचालन गरिएको। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग गरिएको ।

♦ विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नतामा वृद्धि भई युवाहरूको खेल क्षेत्रमा संलग्नता बढाउनका लागि खेलकुद मैदानको निर्माण तथा खेलकुदका कार्यक्रमहरु भएका छन ।अन्तर पालिकास्तरीय खेलकुद कार्यक्रममा खेलाडीहरुलाई सहभागी गराएको छ । विद्यार्थिहरु भित्र रहेको क्षमतालाई प्रर्तिस्पर्धि बनाउन पालिका स्तरीय रनिङ शिल्ड, तथा अतिरिक्त कार्यक्रम संचालन गरिएको छ।

**आर्थिक विकास क्षेत्रमा भएका उपलब्धीहरुः**

♦ कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाइ अगाडी बढाइएको छ।रोजगारी सृजना गर्न गाउँपालिका भित्र विभिन्न सीपमूलक तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरिएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी उपलब्धीहरुः**

♦ वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी प्राप्त हुने काठ, दाउरा, जडिवुटी, व्यवस्थापन सम्बन्धी कार्य गरी वनलाई आय आर्जनको स्रोतलाई प्रयोगको रुपमा ल्याइएको छ । गाउँपालिकामा रहेका सामुदायिक वनको उपयोग र संरक्षण गरी वनक्षेत्र ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ ।गाउँपालिका भित्र उत्पादन भएका काठहरु निर्यात गरि आर्थिक श्रोतको बढवा गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धी उपलब्धीहरुः**

♦ गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरेको छ । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजामां वृद्धि गरेको छ ।
राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट स्रोतको दायरा थप भई आन्तरिक राजश्व वृद्धि भएको छ ।

**उपस्थित सम्पूर्ण सभा सदस्यज्यूहरु**

अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

१. **सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

क. **शिक्षा**

१. "गुणस्तरीय शिक्षा चिशंखुगढीको प्रतिवद्धता, शैक्षिक व्यवस्थापनमा हामी सबैको साझा ऐक्यबद्धता" भन्ने मुल आदर्शका साथ शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुधार गरिदैं लगिनेछ। साथै सामुदायिक विद्यलयहरुमा जनप्रतिनिधि,कर्मचारी विद्यलय व्स्थापन समिति र शिक्षक सन्ततिलाई भर्ना गर्न उत्प्रेरित गरिनेछ ।

२. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित स्थानीय पाठ्यक्रमको विकास गरी पठनपाठनको ब्यवस्था मिलाइनेछ। साथै विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ साथै समावेशी शिक्षा प्रणाली अपनाइनेछ।

३. शिक्षा ऐन, नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि थप लगानी गरिनेछ।

५. सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या तथा विद्यालयको भौगोलिक अवस्थाका आधारमा विद्यालय समायोजन तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. विद्यालयहरुको पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ। साथै सबै विद्यालयहरुमा पुस्तकालय, कम्प्युटर एवं विज्ञान प्रयोगशाला स्थापना गर्दै लगिने छ।

७. शैक्षिक प्रणालीमा रूपान्तरण ल्याउन स्थानीय पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप, विद्यार्थी तथा शिक्षक डायरी, शैक्षिक पात्रो, विद्यालय-अविभावक विचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS)लाई व्यवस्थित बनाई शिक्षण सिकाईलाई थप प्रभावकारी बनाउन डिजिटल प्रविधि संचालनमा ल्याइनेछ। साथै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तथा विघयाल कर्मचारीहहरुको पेशागत क्षमता अभिवृद्धिका लागि तालिमहरुको प्रबन्ध मिलाइनेछ ।

८. शिक्षकहरुको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ । विद्यालयको प्रशासनिक कार्यलाई चुस्त बनाउन प्रधानाध्यपकहरुलाई प्रोत्साहन गरिनेछ ।

९. विद्यार्थिको शिक्षण सिकाईलाई थप प्रभावकारी तथा नतिजा सुधार गर्न अतिरिक्त समय कक्षा संचालन गरिनेछ ।

१०. विद्यालय स्तरमा खेलकुद कार्यक्रमकां लागि खेल शिक्षक, प्रशिक्षण, तालिम तथा खेलकुद सामाग्रीको प्रबन्ध मिलाइनेछ।

११. SEE परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुर्याउने नीति लिइनेछ ।

१२. सम्पूर्ण सामुदायिक विद्यालयको वार्षिक परीक्षामा एकरुपता ल्याइने छ ।

**ख. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम:**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र आधारभूत अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी स्तरोन्नती गरी विभिन्न रोगहरुको रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटुरोग, उच्च रक्तचाप, मधुमेह जस्ता नसर्ने दीर्घरोगहरुको नि:शुल्क जाँच र उपचारको लागि आवश्यक सहयोगको प्रबन्ध मिलाइनेछ ।

३. चिशंखुगढी आधारभूत अस्पताललाई स्वास्थ्य बीमा बोर्डको मापदण्ड पुरा गरी अस्पताललाई बीमामा आवद्ध गरिनेछ।

४. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

५. बर्थिङ्ग सेन्टर, गाउँघर क्लिनिक, खोप क्लिनिकहरुको सेवालाई व्यवस्थित गरिनेछ ।

६. आर्थिक रुपमा अति विपन्न, अशक्त तथा वर्थिङ्ग सेन्टरबाट प्रेषण गर्नुपर्ने गर्भवती महिलाहरुलाई स्वास्थ जाँच र उपचारका लागि अस्पताल सम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकासका लागि तालिम उपलब्ध गराई सेवालाई प्रभावकारी बनाइने छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तथा वर्थिङसेन्टरमा कार्यरत सफाइ कर्मचारीहरुको लागि प्रोत्साहन तथा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

९. सीमान्तकृत, गरिब तथा विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता गराइनेछ।

१०. स्वास्थ चौकीहरुमा ल्याब सेवा बिस्तार गरिनेछ ।

११. मानसिक स्वास्थ्य तथा परामर्श कार्यक्रमलाई निरन्तरता दिइने छ । समुदाय स्तरमा रहेको मानसिक स्वास्थ्य समस्याहरुहरुको रोकथाम तथा न्यूनीकरण एवं सामुदायिक मानसिक स्वास्थ्य परामर्श कार्यक्रम लाई प्रभावकारी रुपमा संचालनका लागि सामुदायिक मानसिक स्वास्थ्य नीति निर्माण गरि कार्यान्वयनमा लगिने छ ।

१२. पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको समुदाय स्तरमा स्कृनिङ्ग कार्यक्रम संचालन गरिनेछ । आङ खसेर अनिवार्य शल्यक्रिया गर्नुपर्ने महिलाहरुको निशुल्क शल्यक्रियाको व्यवस्था मिलाईने छ ।

१३. स्वास्थ्य क्षेत्रको कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्रोतको व्यवस्थापन गर्न पहल गरिनेछ ।

१४. स्वास्थ्यकर्मी/महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका/स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. क्षयरोगमुक्त गाउँपालिका बनाउन संघीय सरकारबाट संचालन गरिएको क्षयरोगमुक्त अभियान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

१६. बाल स्वास्थ्य, पोषण, खोप तथा राष्ट्रिय कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ । मातृ तथा नवजात शिशु सम्बन्धिका कार्यक्रमहरुलाई थप प्रभावकारी रुपमा संचालन गरिने छ । घरमा हुने प्रसुतिलाई शुन्यमा पुर्याउनका लागि समुदाय स्तरमा थप आवश्यक सचेतनाका कार्यक्रमहरु गरिने छ ।

१७. चिशंखुगढी सामुदायिक आँखा केन्द्रको सेवालाई थप प्रभावकारी बनाउदै विद्यालयमा विद्यार्थीहरु तथा समुदाय स्तरमा दृष्टि जाँच कार्यक्रम संचालन गरिनेछ ।

१८. हरेक वडामा आयुर्वेद घुम्ती सेवा तथा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१९. सेर्ना र दियाले आयुर्वेद औषधालयको सेवाको स्तरउन्नती गर्दै नसर्ने रोगको प्रकोप न्युनीकरण गर्ने नीति लिइनेछ।

२०. अत्यावश्यक सुचिमा रहेका औषधीहरुको निशुल्क उपलब्धताको व्यवस्था मिलाइने छ ।

## ग. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।

२. किसान सूचीकरण कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । कृषि विकास सम्बन्धी सेवा, सुविधा र सहुलियत प्रदान गर्दा किसान परिचयपत्रलाई क्रमशः अनिवार्य गर्दै लगिने छ ।

३. कृषि उपज निर्यात गर्ने कृषकलाई पोत्साहन गरिनेछ ।

४. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिनेछ ।

५. दुध, मासु, अण्डा तथा खाद्यान्नमा आत्मनिर्भर गाउँपालिका बनाउनका लागि आवश्यक प्रयास मिलाइनेछ ।

६. पशु-पंक्षीहरुमा देखिने महामारी तथा आकष्मिक रोग नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । साथै पशु आहार व्यवस्थापन तथा पशु बीमालाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

७. गाई, भैसी र बाख्रामा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यलाई अघि बढाइनेछ ।

८. अर्गानिक खेतिको विस्तार गर्न प्राङ्गारिक मलको उत्पादनमा जोड दिदै तरकारी तथा खाद्यान्नमा रसायनिक मल तथा विषादी नियन्त्रण गरिनेछ ।

९. स्थानीय रैथाने प्रजातीको वीउ विजन संरक्षण गरी अन्नवाली उत्पादन कार्यलाई प्रोत्साहन दिइनेछ ।

१०. भुउपयोग प्रणालीलाई सुधार गरिनेछ । कृषि भुमिलाई गैर कृषि प्रयोजनमा ल्याउन निरुत्साहित गरिनुका साथै खाली रहेका सार्वजनिक तथा निजी जग्गाहरुमा समेत कृषि कार्य गर्न प्रोत्साहन गरिनेछ ।

११. गाउँपालिका भित्र उत्पादन भएको खाद्यपदार्थ तथा मासुजन्य पदार्थको निर्यातमा प्रोत्साहन गरिनेछ।

**घ. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय मौलिकता, कला संस्कृतिको जगेर्ना, संगित तथा नृत्यको संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।

२. स्थानीय साँस्कृतिको रुपमा रहेका पानी पँधेरो, कुवा, चौतारा, गढी जस्ता सम्पदाको संरक्षण गरिनेछ ।

३. ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको जगेर्ना मर्मत संहार गरी प्रचार प्रसार गरिनेछ ।

४. राष्ट्र तथा चिशंखुगढी गाउँपालिकालाई चिनाउन बिशिष्ट योगदान पुर्याउने सहिद, ख्यातिप्राप्त व्यक्तिहरुको सम्मानमा सालिक तथा पार्क निर्माण कार्य अघि बढाइनेछ ।

**ङ. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ। साथै युवा लक्षित खेल कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसनमुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

४. युवाहरुको मागमा आधारित सिप विकास विकासका कार्यक्रमहरु मार्फत युवालाई जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

**च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैगिंक हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिबद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, बिकास र सहभागितामा जोड दिने नीति लिइनेछ ।

२. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३. समुदायस्तरमा हुने सवै प्रकारका जातीय भेदभाव तथा छुवाछुतजन्य अपराधहरुलाई निरुत्साहित गरिनेछ । साथै जातीय विभेद अन्त्यका लागि दलित र गैरदलित वीचको विवाहलाई प्रोत्साहन गर्ने कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

४. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

५. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ।

६. विकास कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई सघन रुपमा सहभागी तथा परिचालन गरिनेछ ।

७. प्रदेश सरकार, चिशंखुगढी गाउँपालिका र करुणा फाउण्डेसन नेपाल सँगको त्रिपक्षिय लागत साझेदारीमा संचालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । उक्त कार्यक्रम मार्फत हरेक नवजात शिशुमा जन्मदोष परिक्षण गरी पहिचान भएका शिशुहरूको स्वास्थोपचार, विद्यालयमा रहेका १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य परिक्षण र व्यवस्थापन लगायतका रोकथामका कृयाकलापहरू सञ्चालन गर्नुका साथै यस पालिका भित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, शसक्तिकरण र सामाजिकिकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गरिनेछ। यसका अतिरिक्त पहिचान भएका सबै अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्रका साथै राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाका योजनाहरूमा पहुँच विस्तार गरिनेछ ।

८. ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. हिसा पिडित महिला तथा बालबालिकाको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

१०. "हिंसा मुक्त गाउँपालिका, हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

११. महिला उद्यमशिलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१३. बालमैत्री तथा बालश्रममुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम र क्रियाकलापहरु संचालन गरिनेछ ।

१४. राजनीतिक परिवर्तनको विभिन्न कालखण्डका राजनीतिक आन्दोलनहरुमा बलिदान गर्ने यस गाउँपालिका भित्रका सहिद तथा वेपत्ता परिवारका लागि निर्वाह सम्मान स्वरुप निर्वाह भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गरिने छ ।

**छ. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरुको प्रचारप्रसार मार्फत पर्यटकीय गन्तव्यको रुपमा स्थापना गरिनेछ ।

४. विभिन्न जातजातिको परम्परागत चाडपर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

५. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ज. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै क्षमता विकासको लागि आवश्यक प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन मार्फत साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने नीति लिइनेछ ।

४. सहकारीको निर्दिष्ट मुल्य र सिद्धान्तकाहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्न सक्षम सहकारीलाई पुरस्कार प्रणाली मार्पत प्रोत्साहन गर्दै लगिनेछ।

५. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामाग्रीहरुको आपुर्ति व्यवस्थापनमा कृषि सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

३. न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

४. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीत्ति तथा कार्यक्रम

पारदर्शी,उत्तरदायी र खुल्ला संरकारको अवधारणालाई आत्मासाथ गर्दै स्थानीय तहको शासन प्रकृया तथा सेवा प्रवाहलाई छिटो, छरितो, परिमाणमुखी, पारदर्शी, जवाफदेही, प्रभावकारी गुणस्तरीय, सहभागितामुलक र समावेशी बनाई चिशंखुगढी गाउँपालिकाको संस्थागता रुपमा सुशासन कायम गर्न देहाय अनुसारका कार्यहरु गरिने छ ।

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्ने प्रणालीको व्यवस्था मिलाइनेछ ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुहरुमा सुचना अधिकारीको तोकिनेछ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा,राजश्व, दर्ता चलानी लगायत सबै सेवाहरुमा सफ्टवेयर कार्यान्वयन गरी कम कागज प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।

७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन बडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, फिल्ड भत्ता, अतिरिक्त भत्ता जस्ता अन्य सुविधालाई निरन्तरता दिइनेछ।

९. उत्कृष्ट कर्मचारी तथा शिक्षक छनौट कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. उपभोक्ता हित प्रवर्द्धनको लागि आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ। साथै व्यवसायिहरुले अनिवार्य मुल्य सूची प्रकाशन गर्ने नीति कार्यान्वयन गरिनेछ।

११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको अभिलेख संरक्षण कार्य गरिनेछ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमानयोग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१४. पत्रकार तथा स्थानीय संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने , गाउँपालिकाका सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ। साथै नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

## ५. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्र संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालनमा रहेका खानेपानी आयोजनहरुलाई सपन्न गरी खानेपानीको आपुर्तिमा सहज बनाइनेछ ।

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका पानीका मूलहरू, जलाधार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धनं गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोरमैला व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अति आवश्यकीय, औषधिजन्य तथा निर्माण कार्यमा प्रयोग हुनेदेखि बाहेकका सवै प्रकारका सिसा तथा प्लास्टिक जन्य बस्तुहरु गाउँपालिका क्षेत्रभित्र आयात गर्न पूर्ण रुपमा प्रतिबन्धको नीतिलाई निरन्तरता र थप कडाईका साथ कार्यन्वयन गरिनेछ ।जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति दिइनेछ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. ठुला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

४. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

५. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

६. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

७. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

८. जलवायु परिवर्तनका असर न्यूनिकरण गरी जलवायु अनुकुलनका कार्य गरी वातावरण संरक्षणमा जोड दिइनेछ । सडक दाँया बाँया तथा खाली जग्गामा वृक्षरोपण गरिनेछ।

९. वातावरणमा पर्न गएको असरले खानेपानीका मुहान सुक्दै जानेक्रम भएकोले पानीको मुहान जगेर्नाको लागि हरियाली प्रवद्धन तथा रिचार्ज पोखरी निर्माण कार्यलाई जोड दिइनेछ।

**६. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय सडक मापदण्ड तयार गरी लागु गरिनेछ। सडकको क्षेत्र अधिकार चौडाईको व्यवस्था गर्न सबै नागरिकको कर्तव्य बोध गराइनेछ।

२. चिशंखुगढी गाउँपालिकाको दोस्रो आवधिक योजना तथा वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. ठुला पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

४. यस गाउँपालिकाको आर्थिक तथा अन्य क्षेत्रको विकासमा महत्वपुर्ण योगदान दिने दुधकोशी जलासययुक्त जलविद्युत आयोजना यथाशीघ्र निर्माण कार्य प्रारम्भ गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र पहल गरिनेछ । साथै आयोजना सञ्चालनमा सहज वातावरणको सिर्जना गरिनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा संघीय तथा प्रदेश सरकारको सहयोग लिई श्रोतको अभाव हुन दिइने छैन।

६. घर तथा भवन निर्माण गर्दा नक्सा पास सम्बन्धी कार्यविधि बनाई लागु गरिने छ ।

७. चिशंखुगढी गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्न आवासीय क्षेत्र, कृषि क्षेत्र, व्यापारिक क्षेत्र र अन्य वर्गिकरण भएका क्षेत्रलाई व्वस्थित बनाउने नीति लिइनेछ।

८. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य गरिनेछ ।

**७. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकार र विकास साझेदारहरु संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।

३. प्रगतिशिल कर प्रणाली अवलम्बन गरी करको दायरा विस्तार गर्ने नीति लिइनेछ । गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थलाई ठेक्का प्रकृयाको माध्यमबाट उत्खनन गरी बिक्री प्रवन्ध मिलाइनेछ र आन्तरिक राजश्वलाई बढावा दिने नीति अख्तियार गरिनेछ ।ढुंगा, गिट्टी बालुवा जेस्ता नदीजन्य पदार्थहरु चोरी निकासी गर्नेलाई कानून बमोजिम कारबाही गरिनेछ ।

५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री बनाइनेछ।

६. करदाताको कर लगतलाई ब्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ ।

७. <u>मैले तिरेको कर मेरै चिशंखुगढी गाउँपालिकाको लागी हो</u> भन्ने अनुभुति सहित करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

८. अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान गर्दै सबै प्रकारका सिफारिस दस्तुर तथा व्यवसाय करमा बिशेष छुट दिने नीति अबलम्बन गरिनेछ।

**श्रम तथा रोजगार प्रबर्दधन कार्यक्रमः**

१. प्रधानमन्त्री रोजगार कर्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको अवसर प्रदान गरिनेछ।

२. योजना तथा विकास कार्यक्रम तर्जुमा गर्दा स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजना छनौटमा प्राथमिकता दिईनेछ।

३. सार्वजनिक नीजि साझेदारिको माध्यमबाट युवा लक्षित उद्यम व्यवसाय प्रवर्दधन गर्ने नीति अवलम्बन गरिनेछ।

४. स्थानीय रोजगार रणनीतिक योजना अनुरुप रोजगारमुलक कार्यक्रमहरु संचालन गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु,**

अन्त्यमा यस गाउँपालिकाले दिर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दै नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनु हुने सम्पुर्ण राजनैतिक दलका प्रतिनिधिज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, बुद्धिजिवि, समाजसेवी, शिक्षक, प्राध्यापक लगायत सबैलाई हार्दिक धन्यवाद दिदै नीति तथा कार्यक्रमहरू अनुसार यस गाउँपालिकालाई हाम्रो सुखी र समृद्ध चिशंखुगढी बनाउन सबैको साथ, सहयोग र सहकार्यको आशा र विश्वास व्यक्त गर्दछु । धन्यवाद ।